# सप्तकोशी नगरपालिका

## स्थानीय राजपत्र

खण्डः-७ संख्याः २ मितिः २०८१ साल

भाग- १

सप्तकोशी नगरपालिका


# विनियोजन ऐन, २०८१


सप्तकोशी नगरपालिका

तुलसी चोक, सप्तरी

मधेश प्रदेश, नेपाल


प्रमाणीकरण

# सप्तकोशी नगरपालिकाको विनियोजन ऐन, २०८१

सप्तकोशी नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

## प्रस्तावनाः-

सप्तकोशी नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उप-धारा (२) बमोजिम सप्तकोशी नगर सभाले यो ऐन बनाएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भः-

क) यस ऐनको नाम "सप्तकोशी नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

## २. आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः-

आर्थिक वर्ष २०८१/८२ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा ***रकम रु. ५३,५१,९९,०००/- (अक्षरेपि त्रिपन्न करोड एकाउन्न लाख उनान्सय हजार मात्र)*** नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

## ३. विनियोजनः

१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त सप्तकोशी नगरपालिकाको नगर कार्यपालिका,

वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालू तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

४) यस सप्तकोशी नगरपालिकाको नगर सभाले आगामी आ.व. २०८१/८२ का निमित्त निम्नानुसारको विनियोजन लगायतका अधिकारहरू नगर प्रमुखलाई प्रत्यायोजन गरेको छः

क) अवण्डामा रहेको रकमको आवश्यकतानुसार बाँडफाँट गर्ने अधिकार।

ख) योजना संशोधन, थपघट र आवश्यकतानुसार हेरफेर गर्ने अधिकार।

ग) कर्मचारी दरबन्दी थपघट गर्ने अधिकार।

घ) आ.स.च.पु. मा बढीमा एक पटकमा रु. ५,००० ।०० सम्मको आदेश गर्ने अधिकार।

ङ) सार्वजनिक खरिद नियमावलीको प्रतिकूल नहुने गरी सोझै खरिद गरिने प्रकृतिका कार्यक्रमहरूको सम्झौता स्वीकृत र कार्यादेश दिने अधिकार।

# अनुसूची १

## दफा २ सँग सम्बन्धित

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## आ.व. २०८१/८२ को लागि आय व्ययको विवरण

**रकम रु हजारमा**

| क.सं. | आय | | व्यय | |
|---|---|---|---|---|
| | विवरण | रकम | विवरण | रकम |
| १ | नेपाल सरकार/वित्तीय समानीकरण अनुदान | ९१८०० | नेपाल सरकार/सशर्त अनुदान | १४१७४४ |
| २ | प्रदेश सरकार/वित्तीय समानीकरण अनुदान | ६२९२ | प्रदेश सरकार/सशर्त अनुदान | ९५०० |
| ३ | नेपाल सरकार/राजश्व बाडफाड | ७८००० | नेपाल सरकार/विशेष अनुदान | ३०००० |
| ४ | प्रदेश सरकार/राजश्व बाडफाड | ३१०० | नेपाल सरकार/समपूरक अनुदान | ३०००० |
| ५ | नेपाल सरकार/सशर्त अनुदान | १४१७४४ | प्रदेश सरकार/विशेष अनुदान | ३००० |
| ६ | प्रदेश सरकार/सशर्त अनुदान | ९५०० | प्रदेश सरकार/समपूरक अनुदान | २००० |
| ७ | नेपाल सरकार/विशेष अनुदान | ३०००० | सामाजिक सुरक्षा | ३५००० |
| ८ | नेपाल सरकार/समपूरक अनुदान | ३०००० | वडागत विनियोजन | ३०००० |
| ९ | प्रदेश सरकार/विशेष अनुदान | ३००० | विषयगत शाखा तर्फका कार्यक्रमहरू | २४००० |
| १० | प्रदेश सरकार/समपूरक अनुदान | २००० | नगर स्तरीय पूर्वाधार लगायत कार्यालय प्रशासन स्वीकृत दरबन्दीमा कार्यरत स्थायी तथा करार कर्मचारी तलब भत्ता, सञ्चालन र व्यवस्थापन खर्च | २२९९५५ |
| ११ | सामाजिक सुरक्षा | ३५००० | | |
| १२ | आन्तरिक स्रोत/सञ्चित कोष | १७५०० | | |
| १३ | आ.व. २०८०/८१ को बचत | ८५०० | | |
| १४ | अन्य न्यून बचत (+/-) | ७८७६३ | | |
| **कूल जम्मा** | | **५३५१९९** | **कूल जम्मा** | **५३५१९९** |

# अनुसूची- २

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान धारा २२९ (२) बमोजिम

**कार्यक्रम तथा रकम विनियोजन**

**रकम रु. हजारमाः**

| नगर स्तरीय योजना तथा कार्यक्रमका लागि विनियोजन रकम | | |
|---|---|---|
| **क्र.सं.** | **शीर्षकको नाम** | **विनियोजित बजेट** |
| १ | नेपाल सरकार/सशर्त अनुदान | १४१७४४ |
| २ | प्रदेश सरकार/सशर्त अनुदान | ९५०० |
| ३ | नेपाल सरकार/विशेष अनुदान | ३०००० |
| ४ | नेपाल सरकार/समपूरक अनुदान | ३०००० |
| ५ | प्रदेश सरकार/विशेष अनुदान | ३००० |
| ६ | प्रदेश सरकार/समपूरक अनुदान | २००० |
| ८ | सामाजिक सुरक्षा | ३५००० |
| ९ | वडागत विनियोजन | ३०००० |
| १० | नगर स्तरीय पूर्वाधार लगायत कार्यालय प्रशासन स्वीकृत दरबन्दीमा कार्यरत स्थायी तथा करार कर्मचारी तलब भत्ता, सञ्चालन र व्यवस्थापन खर्च | २२९९५५ |
| **जम्मा (नगर स्तरीय)** | | **५०५१९९** |
| **वडा स्तरीय योजना तथा कार्यक्रमका लागि विनियोजन रकम** | | |
| **क्र.सं.** | **शीर्षकको नाम** | **विनियोजित बजेट** |
| १ | वडा नं.१ | ४४५२ |
| २ | वडा नं.२ | २७८७ |
| ३ | वडा नं.३ | २५०६ |
| ४ | वडा नं.४ | २८१५ |
| ५ | वडा नं.५ | २५५६ |
| ६ | वडा नं.६ | २३२० |
| ७ | वडा नं.७ | २३८३ |
| ८ | वडा नं.८ | २५२७ |
| ९ | वडा नं.९ | २४२० |
| १० | वडा नं.१० | २३५४ |
| ११ | वडा नं.११ | २८८० |
| **जम्मा (वडा स्तरीय)** | | **३००००** |
| **कुल जम्मा (नगर+वडा स्तरीय)** | | **५३५१९९** |